जि.प्र.का. झापा दर्ता नं. १५०/२०७६/०१/१६

सूचना र सञ्चार, नागरिकको अधिकार

# निष्कर्ष न्यूज

NISHKARSHA NEWS WEEKLY साप्ताहिक



**अस्ट्रेलिया पठाएर हराएको सम्बन्ध !**

विदुर दाहाल

पृष्ठ २

वर्ष - ५ | अंक - ०२ | भाद्र ७ गते आइतबार २०८३ | Sunday 23 Aug, 2026 | मूल्य : रु. १५।-

# दमक नगरको मेयर/उपमेयरमा यी हुन सक्छन सम्भावित उम्मेदवार

**दमक**/स्थानीय तह चुनावको घोषणा भइसकेको छैन । तिथी मिति टुंगो लागिसकेको नभए पनि अबको १० महिना भित्र मुलुकभरका स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरुको नयाँ कार्यकाल शुरु हुनेछ । यतिबेला दलहरु उम्मेदवारका सम्भावित नामहरुबारे आन्तरिक छलफलमा छन् ।

संस्थागत रुपमा कुनै पार्टीले यसको छलफल चलाएका छन वा छैनन भन्ने बारे आधिकारिक जानकारी बाहिर आएको त छैन तर स्थानीय चुनाव स्थानीयस्तरमा बहसको बिषय बन्नु स्वभाविक हो । सबै नागरिकहरु कुनै न कुनै दल समर्थित (नजिक भएका) कारण दमकका विभिन्न चोक बजार र गल्लीहरुमा यतिबेला सम्भावित उम्मेदवारहरुका बारेमा चर्चा परिचर्चा भइरहेको छ । नयाँ पुस्ता र पुराना पुस्ताहरुबाट समेत सम्भावित नामहरु उत्तिकै आन्तरिक र बाह्य रुपमा चर्चामा आइरहेका छन् ।

**राप्रपामा थापा, पौडेल र चम्लागाईंको सम्भावना**

हालका मेयर राप्रपा नेता रामकुमार थापाले घोषित रुपमा आगामी चुनावको उम्मेदवार हुने बताइ नसकेपनि निकटतम कार्यकर्तापक्तिं र अन्य शुभेच्छुकहरुसँग आफ्नो उम्मेदवारीको सम्भावनाबारे संकेत गरिरहेका छन् ।

बेला आएपछि यसबारे बोल्ने भन्ने मेयर थापाको भनाईले त्यही संकेत गर्छ । उनको यो संकेतलाई उनी आफैंले अघिल्लो चुनावमा एकपटक मलाई अवसर दिनु भन्दै अन्य दल र मतदाताहरुमाझ गरेको आग्रह विपरित अघि बढ्न खोजेको भन्नेहरु पनि छन् ।

राप्रपाबाटै अघिल्लो पटक नै मेयर/उपमेयरको दाबेदारका रुपमा उभिएका र एकपटक आफ्नै नेता थापालाई अवसर दिने भनि आफ्नो अडानबाट पछि हटेर लचकता प्रस्तुत गरेका अर्का सम्भावित उम्मेदवार हुन् दमक ७ का वडाध्यक्ष भिमप्रसाद पौडेल । उनले २०५४ सालदेखि दमकको ७ (साविक १२ नम्बर ) वडाको वडाध्यक्ष पदमा जित्दै आएका छन् । उनी हरेक पटक प्रभावशाली जनप्रतिनिधिका रुपमा आफूलाई प्रस्तुत गर्दै आएका कारण यसपटक मेयर पदमा उनको उम्मेदवारीको आकांक्षा र सम्भावनालाई नकार्न सकिन्न ।

पौडेल नेकपा एमालेका तत्कालिन जनप्रतिनिधिदेखि हालका आफ्नै पार्टी र कांग्रेसका जनप्रतिनिधिहरुसँग समेत नजिकको सम्बन्ध स्थापित गर्न सकेका बलियो उम्मेदवारका रुपमा उभिने सम्भावना छ । उनले यो बिषयमा निटकतमहरुसँग आफ्नो दाबेदारी बारे प्रशस्त छलफल चलाइरहेका स्रोतहरुले जनाएका छन् । राप्रपा भित्र नयाँ पुस्ताको उदय पनि भइसकेको छ मेयर पदका लागि । नयाँ पुस्ताबाट यहाँ युवा नेता नेत्र चम्लागाइँले पनि मेयरमा उम्मेदवारीका लागि दाबी अघि बढाएका बुझिएको छ ।

**एमालेमा को को हुन सक्छन सम्भावित ?**

नेकपा एमाले भित्र पनि नगर प्रमुख/उपप्रमुखको सम्भावित उम्मेदवारका रुपमा केही पुरानै र केही नयाँ अनुहार समेत देखिएका छन् । अघिल्लो चुनावमा संयुक्त गठबन्धनसँग कडा चुनावी मुकाबिला गरेर आफूलाई सशक्त उम्मेदवारका रुपमा प्रस्तुत गरेकी महिला नेतृ एवं पूर्व प्राध्यापक गीता अधिकारी तत्कालिन एमाले नेतृत्वको सरकार छँदा राष्टिय योजना आयोगको सदस्य समेत बनेकी थिइन् ।

उनले यहाँको बिकास निर्माणको खाका र योजनालाई सुक्ष्म ढंगबाट अघि बढाइरहेकी थिइन् । राजनीतिक परिस्थिती बदलिएपछि उनको भुमिका स्वभाविक रुपमा कमजोर छ । तर उम्मेदवारीमा उनको सम्भावना भने उत्तिकै छ ।

स्थानीयस्तरमा एमाले भित्र नेतृ अधिकारीलाई साझा उम्मेदवारका रुपमा हेरिंदै आएको भए पनि उनले उम्मेदवारीको चाहनाबारे अहिले सम्म सार्वजनिक रुपमा केही भनेकी छैनन् । नेतृ अधिकारीको बिकल्पका रुपमा नगर प्रमुख/उपप्रमुख पदहरुमा यहाँ एमाले भित्र नयाँ अनुहारको पनि चर्चा भइरहेको छ । महिला नेतृ तथा अनेमसंघ झापाकी अध्यक्ष लिला दाहाल, पार्टी केन्द्रिय सदस्य तथा युवा नेता इन्द्र भण्डारी, पार्टीका प्रदेश कमिटी सदस्य सुसिल राई, दुई पटक वडाध्यक्ष पद जितेर पार्टीको संसदीय अभ्यासमा आफूलाई सफल र अनुभवी नेतृत्वका रुपमा स्थापित गराएका नबिन बराल , पहिलो पटक वडाध्यक्ष पदमा जितेर आफूलाई सक्षम र सबल वडाध्यक्षका रुपमा वडा भित्र स्थापित गराएका धर्मप्रसाद दाहाल (दिपेश), पार्टीका वर्तमान नगर कमिटी अध्यक्ष राम पौडेल लगायतको नाम एमाले भित्र सम्भावित मेयर/ उपमेयरका उम्मेदवारका रुपमा आउन सक्ने देखिन्छ ।

**प्रसाइँ दम्पत्तीनै बन्लान उम्मेदवार ?**

नयाँ राजनीतिक परिवेशमा नेपाली कांग्रेसको तर्फबाट दमक नगरपालिकामा मेयर पदका लागि योग्य उम्मेदवार को हुन सक्ला ? भन्ने बहस यतिबेला छुट्टै चर्चाको बिषय बनेको छ ।

कांग्रेस दमक नगरपालिकाको नेतृत्वमा अघिल्लो २०७९ को स्थानीय तह निर्वाचनमा दोश्रो पोजिसनमा रहेको पार्टी हो । कांग्रेसले तत्कालिन संयुक्त गठबन्धन दलकी साझा उम्मेदवारका रुपमा नगर उपप्रमुख पदमा महिला नेतृ रेगिना भट्टराई (प्रसाइँ)लाई अघि सारेर जिताएको थियो ।

आगामी स्थानीय तह निर्वाचनमा मेयर पदका लागि कांग्रेसको तर्फबाट उनी एक बलियो र सशक्त उम्मेदवार हुन सक्ने सम्भावनाका बीच रेगिनाका पति प्रकाश प्रसाइँ (जो कांग्रेस नगर सभापति थिए) उनले कांग्रेस छोडिसकेका र फरक पार्टी अर्थात रास्वपाका तर्फबाट पनि उनै प्रसाइँ मेयरको प्रत्यासी बन्ने आन्तरिक कसरतमा लागेका छन् ।

रास्वपाका प्रसाइँको उम्मेदवारीको चर्चाले प्रसाइँ पत्नी नेतृ (हाल उपप्रमुख) रहेकी रेगिनाको संसदीय क्षेत्रमा फड्को मार्ने ( मेयरमा उम्मेदवारी दिने ) सम्भावनामाथि संकट देखिएको विश्लेषण हुने गरेको छ ।

बाँकी ६ पेजमा

# चुलाचुलीले शुरु गर्‍यो भुमि प्रशासन सम्बन्धीको सेवा



**चुलाचुली**/इलामको चुलाचुली गाउँपालिकाले आफ्नै भूमि व्यवस्थापन शाखा मार्फत मालपोत तथा नापीसम्बन्धी सेवाको भव्य समारोहबीच औपचारिक शुरुवात गरेको छ ।

आइतबारेस्थित गाउँपालिका कार्यालय परिसरमा आयोजित कार्यक्रममा सेवाग्राहीलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गर्दै सेवा शुभारम्भ गरिएको हो । तयार भएका जग्गाधनी प्रमाणपुर्जा गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङ र उपाध्यक्ष दिलु लिम्बुले संयुक्त रूपमा वितरण गरेका थिए ।

अध्यक्ष केरुङले स्थानीय सरकारबाटै भूमि प्रशासन सेवा उपलब्ध हुन थालेपछि नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा प्रदान गर्न सकिने बताए । यसअघि मालपोत तथा नापीसम्बन्धी कामका लागि दुई दिनसम्मको समय र अतिरिक्त खर्च गरेर इलाम सदरमुकाम पुग्नुपर्ने बाध्यता अब अन्त्य भएको उनको भनाइ छ ।

अध्यक्ष केरुङले गाउँमै सेवा पाउने व्यवस्थाले सेवाग्राहीको समय र खर्च दुवै बचत हुने र स्थानीय सरकारप्रतिको नागरिकको भरोसा थप बलियो बन्ने बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले सेवा सञ्चालनका लागि आवश्यक कर्मचारी तथा व्यवस्थापनको तयारी पूरा भइसकेको जानकारी दिँदै भूमि प्रशासन र नापीसम्बन्धी सेवा अब गाउँपालिकाबाटै सहज रूपमा प्रवाह गरिने बताए ।

भूमि प्रशासन अधिकृत उत्सव कट्टेलका अनुसार विद्युतीय फोटो, औँठाछाप, दस्तखत तथा ‘ल्यान्ड ओनर आइडेन्टिफिकेसन नम्बर’ अर्थात् लिन कायम भएका जग्गाको खरिद-बिक्री, राजीनामा, हकछोड तथा लिखत पारितसम्बन्धी सेवा

बाँकी 3 पेजमा

ॐ मेची हस्पिटल दमकमा

इमर्जेन्सी सेवा २४ सै घण्टा ।

डा. सुजित हुजदार
एमबीबीएस काठमाडौं युनिभरसिटी, नेपाल मेडिकल कलेज

डा. हरिमोहन चौधरी
एमबीबीएस काठमाडौं युनिभरसिटी, लुम्बिनी मेडिकल कलेज

ओ.पी.डी.मा वरिष्ठ प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरुको सेवा

डा. निरञ्जनसिंह बोगटी
प्रत्येक आइतबार, मंगलबार र बिहीबार

डा. शंकरप्रसाद हुजदार
प्रत्येक सोमबार बुधबार र शनिबार

समय : बिहान ८ बजेदेखि १२ बजेसम्म र दिउँसो २ देखि ४ बजेसम्म

ॐ मेची हस्पिटल
दमक-७, झापा

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं,
वन क्षेत्रमा चरिचरन बन्द गरौं ।
आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
दमक नगरपालिकाको कार्यालय दमक, झापा

# सम्पादकीय

## बलात्कार घटना र मृत्युदण्डको माग

देशैभर यतिबेला बालिका बलात्कार र हत्याका घटनामा संलग्नहरुलाई मृत्यु दण्डको सजाय हुनुपर्ने मागको आवाजले बुलन्द बनेको छ । बाराकी ३ बर्षिया बालिका गरिमा चौधरीको हत्यापछि उठेको आन्दोलनका क्रममा यो आवाज निक्कै चर्को गरि सुनिएको छ । यस्ता जघन्य अपराधको श्रृखंला कहाँ र कहिलेदेखि शुरु भयो भन्ने यकिन त छैन तर आदिमकालदेखि यस किसिमका पासविक घटनाहरु हुँदै आएका धार्मिक ग्रन्थहरुमा पनि उल्लेख छ । कति घटना दस्तावेजीकरण भए कति भएनन । तर यो अपराधको श्रृखंला रोकिएको छैन । यस्ता घटनाले केवल एउटा परिवारको संसार उजाड्दैन, र ाज्यको न्याय प्रणाली, सुरक्षा संयन्त्र र समाजको संवेदनशीलतामाथि समेत गम्भीर प्रश्न खडा गर्छ । निर्दोष बालिकामाथि हुने यस्ता जघन्य अपराधका समाचार पटक-पटक सार्वजनिक भइरहँदा नागरिकमा आक्रोश र निराशा बढ्नु स्वाभाविक हो ।

अपराधपछि दोषी पक्राउ परेको समाचार आउँछ, अनुसन्धान भइरहेको भनिन्छ र केही समयपछि घटना सार्वजनिक स्मृतिबाट ओझेल पर्छ। तर पीडित परिवारका लागि त्यो पीडा कहिल्यै सकिँदैन। उनीहरूका लागि वास्तविक न्याय भनेको अभियुक्त पक्राउ पर्नु मात्र होइन, निष्पक्ष र प्रमाणमा आधारित अनुसन्धान, प्रभावकारी अभियोजन, समयमै फैसला र दोषीलाई कानुनबमोजिम कडा सजाय हुनु हो।

यही कारण पछिल्ला घटनामा ‘मृत्युदण्ड’को माग पनि उठिरहेको छ। जघन्य अपराधका कारण आक्रोशित नागरिकले यस्तो माग गर्नु पीडाको स्वाभाविक अभिव्यक्ति हो। तर राज्यले भावनाको मात्र होइन, संविधान, कानुन र मानवअधिकारका स्थापित मान्यताको आधारमा निर्णय गर्नुपर्छ। मृत्युदण्डको माग उठ्नु आफैंमा राज्यको न्याय प्रणालीप्रतिको अविश्वासको संकेत पनि हो। त्यसैले बहसलाई केवल मृत्युदण्ड दिने वा नदिनेमा सीमित गर्नु हुँदैनस मुख्य प्रश्न अपराधी किन निर्धक्क हुन्छ र पीडितले न्याय पाउन किन वर्षौं कुर्नुपर्छ भन्ने हो ।

बालिका बलात्कार र हत्याजस्ता अपराधमा अनुसन्धान कमजोर हुनु, प्रमाण संरक्षणमा लापरबाही हुनु, मुद्दा लामो समयसम्म विचाराधीन रहनु वा राजनीतिक तथा सामाजिक दबाबका कारण न्याय प्रभावित हुनु कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। राज्यले पीडित परिवारलाई कानुनी, आर्थिक र मनोसामाजिक सहयोग उपलब्ध गराउँदै दोषीलाई कानुनको कठघरामा उभ्याउनु पर्छ ।

न्याय ढिलो हुनु भनेको पीडितलाई अझै पीडा दिनु हो। त्यसैले बालिकाको सुरक्षालाई राज्यको सर्वोच्च प्राथमिकतामा राख्दै अपराधीप्रति शून्य सहनशीलता र न्याय प्रक्रियामा पूर्ण निष्पक्षता कायम गर्नुपर्छ। नागरिकले मागेको बदला होइन–दोषीलाई कानुनअनुसार कडा सजाय र पीडितलाई वास्तविक न्याय हो।




# अस्ट्रेलिया पठाएर हराएको सम्बन्ध !



✍ विदुर दाहाल

नाम चलेको विद्यार्थी संगठनको केन्द्रीय समितिमा थिएँ म ! संगठन निर्माणका लागि देशका क्याम्पसहरू चहार्नु एउटा दैनिकी थियो ।

विद्यार्थीलाई कमिटीमा आबद्ध गराए मात्र संगठन बलियो हुन्छ भन्ने मान्यता मूल पार्टी र संगठनको रहँदै आएको छ। त्यसैले सकेसम्म धेरैलाई कमिटीमा आबद्ध गराउने प्रयास गरिन्छ ।

क्याडर बेसु संगठनले यसै गर्छन त्यही सिलसिलामा पाइलाहरू २०७६ सालमा महाराजगन्ज नर्सिङ क्याम्पसतर्फ लम्किएँ! पुरानो कमिटी पुनर्गठन गरी नयाँ कमिटी निर्माण गर्ने कार्यक्रममा अतिथिका रूपमा पुगेँ! भविष्यका नर्सहरूको भीडमा नेता भएँ ! कमिटीका सबै पदाधिकारी र सदस्यसँग फोन नम्बर आदानप्रदान गर्दै एक-अर्कालाई सामाजिक सञ्जालमा जोडेर फर्किएँ !

म्यानेजमेन्टको विद्यार्थी थिएँ! राजनीतिको नशा लागेर स्नातक तह पास हुनै सकिनँ। पहिले-पहिले सुन्थेँ– विद्यार्थी नेताले अरूलाई जाँच दिन लगाउँछन् रे !

तर, त्यस्तो मेसो मैले चाहिँ मिलाउन सकिनँ। त्यसैले शैक्षिक योग्यता १२ पास मात्र भयो! तैपनि भविष्य भएको होनहार विद्यार्थी नेतामा गनिन्थेँ! कार्यक्रममा देश बनाउने र राष्ट्रियता जोगाउने जोडदार भाषण गर्थें । तर आफ्नै व्यवस्थापन कसरी हुन्छ, अन्योलमा थिएँ ।

जब घर पुग्थेँ तब मेरो हैसियत बदलिन्थ्यो । न ब्याचलर्ससम्म गरेको छ, न जागिर खाएको छ !– बा-आमाको नजरमा केवल एक ुलफङ्गा थिएँ! नेता बनेर क्याम्पस क्याम्पस भौतारिँदासम्म बा-आमाले कहिल्यै पकेट खर्च दिनुभएन। माग्न पनि शरम भयो। मागिनँ। बिहान उठेर सधैँ क्याम्पसतिर दगुर्थें । त्यो मेरो रूटिन थियो । कहिले कसले भेट्थ्यो, कहिले कसले! फर्जी परिचयपत्र बनाइदिएका वा फाराम भर्न सहयोग गरेकाहरूले भेट्दा चिया-खाजा खुवाउँथे। नभेटिए क्यान्टिनमा उधारो जिन्दावाद ! सरकारी क्याम्पसमा क्यान्टिन चलाउन मान्छेहरू आनाकानी गर्छन् भन्थे, बल्ल कारण बुझेँ मैले !

अचानक एक दिन मेसेन्जरको इनबक्समा म्यासेज आयो– चिन्नुभयो ?

कसरी नचिन्नु! उही परिचित मान्छे, ‘सीमा’ थिई! पहिल्यै अलि विशेष लागेकी थिई ऊ मलाई! त्यो म्यासेजले मेरो दिनचर्या फेर्यो। नर्सिङ छात्रावासको प्रतीक्षालयमा उसलाई प्रतीक्षा गर्थें! बिस्तारै कुराकानी औपचारिक दायरा नाघेर अन्तरङ्ग बन्न थाले। घण्टौं अनलाइन र अफलाइनमा समय बितायौँ।

बिएन सकिन लाग्यो, अब के गर्ने होला? जागिर खोजौं कि विदेशको तयारी गरूँ? एक दिन भविष्यको सहजकर्ता ठानेर आइडिया मागी उसले ।

नर्स भनेर के गर्नु? निजी अस्पतालले महिनाको आठ-दस हजार दिन्छन् । सरकारीमा जागिर खान सजिलो छैन । अँ साँच्चै, तपाईं त नेता हो नि ! भनिदिनु न कुनै सरकारी अस्पतालमा! जिन्दगी चलाउन गाह्रो छ नत्र ! बोलिनँ ! फिस्स मुस्काएँ मात्र !

बिस्तारै सामीप्यता यति गाढा भएछ कि उसलाई अस्ट्रेलियाको बाटो सुझाएँ ।

उसलाई मैले आफ्नो देखेँ ! यता क्याम्पसका विद्यार्थी भाइबहिनीहरूले अंकलु भन्न थालिसकेका थिए । उनीहरूले त्यसो भन्दा मन चसक्क दुख्थ्यो! तर सत्य त्यही थियो! एकातिर उमेर पाको हुँदै थियो, अर्कोतिर पार्टीको राजनीति ओरालो लाग्दै थियो। त्यसमाथि गुट-उपगुटको सिकार बन्दै थिएँ म!

विद्यार्थी राजनीतिले नेता त बनायो तर जीवनको व्यवस्थापन गर्न सिकाएन। अझ भन्ने हो भने गरिखान सिकाएन। जुन कुरा अहिले भोग्दै छु। बा-आमाको दैनिक कचकच सुनी नसक्नु थियो। अब भने बिलखबन्दमा परेँ!

जागिरे बा-आमा! काठमाडौँमै घर! दाइ बैंकको हाकिम! तर म...! आखिर एक दिन हिम्मत बटुलेर सीमासामु विवाहको प्रस्ताव राखेँ । उसलाई विदेश पठाएर डिपेन्डेन्सीमा जान पाए...! अन्तर्मनको कुरा लुकाएँ!

पारिवारिक सल्लाह र सहमतिमै धुमधाम विवाह भयो। क्याम्पसका परिचितहरू, पार्टीका नेताहरू र आफन्त गरेर झन्डै १ हजार निम्तालु आमन्त्रित थिए । भोजभतेर र तामझाममै विवाहको खर्च २० लाख नाघ्यो । संयोग, विवाहको ३ महिनामै सीमाको भिसा लाग्यो । त्यसको झन्डै ३० लाख आर्थिक भार मेरै परिवारले बेर्होयो । हनिमुन अवधि नसकिँदै उडी ऊ ।

सीमा विमानस्थलबाट ओझेल परेसँगै आँखाभरि सपनाका महलहरू सजाउन थालेँ! सिड्नीका सडकमा हातमा हात मिलाएर हिँडेका काल्पनिक दृश्यहरूमा रमाउन थालेँ। सुरूका प्रेमिल दिनमा झैं अनलाइनमा घण्टौँ कुराकानी हुन्थे। यताबाट म भर्चुअल माया खन्याउँथेँ, त्यसै गर्थी ऊ । उता गएको केही समयपछि उसले त्यहाँको अस्पतालमा काम पाई।

नर्सको ड्युटीको ठेगान छैन। कहिले नाइट, कहिले डे हुन्छ भन्दै अल्मल्याई मलाई । बिस्तारै कुराकानीका शृङ्खलाहरू पातलिए । सीमा अस्ट्रेलिया गएपछि खुसी हुँदै डिपेन्डेन्सीमा आवेदन गरेको थिएँ। विडम्बना, भिसा लागेनस रिजेक्ट भएको इमेल आयो! भिसा रिजेक्ट भएपछि रातभर छटपटाएँ। अकल्पनीय रह्यो त्यो रात ! सुत्नै सकिनँ । दिमाग शून्य भयो । त्यसले केही सोच्नै सक्दैन । श्रीमती विदेशमा, म नेपालमा ! अब गर्ने के ?

ुवनको बाघले भन्दा मनको बाघले खाए झैँ हुन थाल्यो। भिडिओ कल गर्थें, उताबाट जबाफ आउँथ्यो– ड्युटीमा छु, पछि कुरा गर्छु ।

तर फोन आउँदैनथ्यो! आए पनि फोनहरू औपचारिकतामा सीमित हुँदै गए। सीमाको मनमा अरू कुनै चक्कर चलेको अनुमान लगाएँ मैले। सम्झाउने धेरै कोसिस गरेँ। कयौँ पटक रोएँ, तर सकिनँ । ऐनामा हेर्छु, आफैँलाई साँच्चिकै ुलफङ्गा देख्छु! विवाह र उसको अस्ट्रेलिया प्रोसेसिङको त्यति ठूलो धनराशि माटोमा मिल्यो! विदेशको सपना सजाउने म आज घर न घाटको भएँ ।

न हातमा पैसा रह्यो, न सीमा ! सम्बन्धमा अविश्वास मात्र होइन, सम्बन्ध टुटेको औपचारिक घोषणा हुन मात्र बाँकी छ! अपनत्व भएको कुराकानी नै हुँदैन आजभोलि। खै, मनले के सोच्छ के! मनमा बाढी आउँछ। बरू पहिलाको ुजारी प्रथा भएको भए...! पुरूषलाई सडकमा पुग्नबाट त जोगाउँथ्यो! नत्र बिजोग हुने भयो म जस्ताहरूको! पुरातन कानुन ब्युँताउन पाए....! छ्या! तुरून्तै आफूलाई सम्हालेँ! कस्तो पश्चगामी म! धत, त्यस्तो हुन्न !

नभन्दै अर्को महिना जिल्ला अदालत काठमाडौंबाट वारिसनामामार्फत डिभोर्सको मुद्दा दायर भएको सूचना पाएँ ।

टाढा-टाढा हुनुको कारण यही रहेछ ! ५० लाख रुपैयाँ मात्र खर्चिएको थिइनँ, सारा संसार थिई ऊ। यति छोटो समयमै अरू कसैको हुने बाटोमा गई !

मलाई चौबाटोमा अलपत्र छोडी! विवाह अरूहरूको लागि रंगीन फूलबारी भयो होला, तर मलाई जिन्दगीको एउटा महँगो जुवा भयो! एक वर्ष वैवाहिक सम्बन्धको मूल्य आधा करोड ! कसरी सहेका होलान् मेरा बा-आमाले! मलाई के भन्दा होलान् ? प्रश्नको उत्तर थिएन। प्रश्न खेलाउँदै ओछ्यानमा पल्टिएँ ।

हुन त, पुरूषहरूले पनि विदेशमा गएर आफ्ना प्रेमिका र श्रीमतीहरूमाथि अन्तर्घात र अत्याचार गरेका कैयौँ उदाहरण सुनेकोरदेखेको छु ।

आज सीमाले त्यसै गरी! यो खुला वातावरणको उपज वा शारीरिक तथा मानसिक सामीप्यताको अभाव वा एक्लो संघर्ष..! भेउ पाइनँ ।

तर, आक्रोश र पीडाको आँधी थोरै सेलाएपछि एक दिन मैले आफूलाई सीमाको ठाउँमा राखेर हेर्ने प्रयास गरेँ।

सायद उसले पनि उता आफ्नै किसिमको कठिन संघर्ष गरिरहेकी छे। सोची होला– ुम अस्ट्रेलियामा छु, ऊ नेपालमा। भिसा लागेन, न उसलाई यता बोलाउन सक्छु, न आफू फर्किन सक्छु ।

अस्पतालको कठोर ड्युटी, नयाँ देशको एक्लोपन, भविष्यको अनिश्चितता र निरन्तरको मानसिक तनाव तथा शारीरिक आवश्यकताले उसलाई घच्घच्याएको हुन सक्छ । सम्बन्धलाई जबरजस्ती तानेर दुवैलाई आजीवन पीडा दिनुभन्दा कानुनी रूपमा अलग हुनु नै उचित ठानी कि? यी सबै मेरा अनुमान हुन्, वास्तविक कथाव्यथा उसैलाई थाहा होला ! मन बुझाउने कोसिस गरेँ मैले ।

नवजवान युवायुवतीहरूलाई भन्छु– विदेशमा श्रीमती वा श्रीमान एक्लै पठाई सपनाको महल नबनाउनू! त्यो कुनै पनि दिन ढलेर स्वाहा हुन सक्छ। विवाह गर्दा वा जीवनका महत्त्वपूर्ण निर्णयहरू लिँदा ुदस पटक नाप्नु, एक पटक काट्नु भन्ने अग्रजहरूको भनाइ झल्झली याद आइरह्यो मलाइ । चौबाटोमा अल्मलिएको जीवन अब कता जाला खै...!



प्रत्येक शुक्रबार सिटी सफारी चालकलाई प्रशिक्षण

# साहित्यीक पत्रकार संघद्वारा पाँच जना सर्जकहरुलाई सापस विशिष्ट सम्मान

**काठमाडौं**/साहित्यिक पत्रकार संघले पाँचजना सर्जकहरूलाई सापस विशिष्ट सर्जक सम्मानद्वारा अभिनन्दन गरेको छ। अभिनन्दित हुनेहरूमा संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठ, चित्रकार प्रा. मदन चित्रकार, कवि ज्ञान उदास र कलाकारद्वय चैत्यदेवी सिंह तथा सन्तोष पन्त छन्।

शनिबार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्व कुलपति के. के. कर्माचार्यको प्रमुख आतिथ्यता रहेको थियो।

अभिनन्दित व्यक्तित्वहरुलाई सभाका सभापति राधेश्याम लेकाली तथा प्रमुख आमन्त्रित व्यक्तित्व के.के. कर्माचार्यले दोसल्ला ओढाएर ढाका टोपी र फूलको माला लगाइदिएर अभिनन्दनपत्र समर्पण गरेका थिए। सो अवसरमा व्यथित काव्य डायस्पोरा सम्मान २०८२ दीपा राई पुन (अमेरिका)लाई समर्पण गरिएको थियो।

संघका अध्यक्ष लेकालीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि संक्षेपमा प्रकाश पारेका थिए। वि.सं. २०२९ सालमा स्थापित साहित्यिक पत्रकार संघ विभिन्न जङ्गारहरू तर्दै आएको बताए। संस्थापक अध्यक्ष भवानी घिमिरेको स्मरण गर्दै उनले २०३८ सालदेखि कथा दिवस मनाउँदै आएको, २०६४ सालसम्म गाईजात्रा कार्यक्रमको आयोजना गरेको, हालसम्म धेरैजना स्रष्टाहरूको सम्मान, अभिनन्दन गरेको र हाल स्रष्टाहरूका कृतिहरूलाई अडियोमा ल्याउन थालेको बताए।

समालोचक प्रमोद प्रधानद्वारा अभिनन्दित व्यक्तित्वहरूको संक्षिप्त परिचय दिइएको थियो।

रेडियो नाटक, स्टेज प्रोग्राम, सिरियलमा छुट्टै पहिचान बोकेका पन्तले प्रतिस्पर्धाको युगमा आफूलाई अरुभन्दा अलग रूपमा प्रस्तुत गर्न सफल रहेको बताइयो।

अभिनन्दित व्यक्तित्वहरूले पनि मन्तव्य राखेका थिए। नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन', कलाकार मदनदास श्रेष्ठ तथा इतिहासविद् प्रा.डा. सुरेन्द्र केसीले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा किरण खरेलको शब्द, चन्द्रराज शर्मा, शिवशंकरको सङ्गीत रहेको तारादेवीले गाएको गीत 'आँखाहरूले रून नखोजे, ओठहरूले हाँस्न नखोजे जीवन कति सुन्दर हुन्थ्यो होला' बोलको गीतलाई गायिका सरिता शाहीले मीठो लय र स्वरमा गाएर सुनाएकी थिइन्।

अनामनगरस्थित डालो रेष्टुरेन्टमा भएको कार्यक्रममा संघकी कोषाध्यक्ष पद्मावती सिंहले धन्यवाद ज्ञापन गरेकी थिइन् भने कार्यक्रमको सहजीकरण साहित्यकार सविता श्रेष्ठ 'बेहोसी'ले गरेकी थिइन्।

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं,
वन क्षेत्रमा चरिचरन बन्द गरौं ।
आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
**चुलाचुली गाउँपालिकाको कार्यालय**, चुलाचुली इलाम

# झापा मोडलमा नेपाली वक्तृत्वकला प्रतियोगिता



**दमक**/ दमक ८ स्थित झापा मोडल अंग्रेजी मावि (जेम्स)मा आयोजित खुला नेपाली वक्तृत्वकला प्रतियोगितामा कक्षा ६ की सभ्यता तिवारी प्रथम भएकी छन्। त्यसैगरी कक्षा ७ की स्मृति चापागाईं द्वितीय भएकी छन् भने कक्षा ८ की सैना न्यौपाने र कक्षा ६ की सितोष्णा कार्कीले तृतीय स्थान हासिल गरेका छन्। त्यस्तै, सान्त्वना पुरस्कारतर्फ कक्षा ६ की मान्यता अधिकारी र कक्षा ७ की श्रेयाना अर्याल पुरस्कृत भएका छन्। प्रतियोगितामा सहभागी सबै विद्यार्थीले उत्कृष्ट प्रस्तुति दिएका थिए। आयोजक बिद्यालयले विद्यार्थीहरूको साहस, आत्मविश्वास र मञ्चमा प्रस्तुत गर्ने क्षमताको प्रशंसा गर्दै सबै सहभागीलाई बधाई तथा शुभकामना दिएको छ। बालबालिकाहरुमा नेपाली भाषा वाक कला क्षमता बिकासमा प्रोत्साहन गर्ने उद्धेश्यले झापा मोडलले यस किसिमको प्रतियोगिता सञ्चालन गरेको बिद्यालयका प्रिन्सिपल सागर श्रेष्ठले जानकारी दिए।

***चुलाचुलीमा......***अब स्थानीय तहमै उपलब्ध हुनेछ।

त्यसैगरी अंशवण्डा, नामसारी, मोही बाँडफाँड, कित्ताकाट, नक्सा प्रिन्ट, अभिलेख अद्यावधिक तथा राजस्व सङ्कलनलगायतका सेवा पनि गाउँपालिकाबाटै प्रदान गरिने उनले बताए। यसअघि कम्प्युटर सिस्टममा प्रविष्ट भएका जग्गा सम्बन्धी कामकाज मात्रै सो कार्यालयबाट हुने र पुराना तथा कम्प्युटरमा प्रविष्ट नगरिएका (लगभग २०७६ अघि)का धनीपूर्जाका हकमा भने जिल्लास्थित भुमि प्रशासन (साविक मालपोत ) कार्यालयले रेकर्ड उपलब्ध गराएमा मात्रै काम हुने कट्टेलले बताए।



# साप्ताहिक राशिफल

## भाद्र ७ गते आइतबारदेखि साउन १३ गते शनिबारसम्म



**ज्यो. दुर्गाप्रसाद भण्डारी**

**मेष** (चू,चे,चो,ला,लि,लू,ले,लो,अ) साताको सुरु र अन्तको समय राम्रो रहेकोले खाद्यान्न, गरगहना तथा निर्माण सामाग्रीको व्यापारबाट मनग्गे धन लाभ हुनेछ। व्यापार वा शेयर बजारमा लगानी बढाई धन आर्जन गर्न सकिनेछ। सानो प्रयत्नले उपलब्धिमूलक कामहरू गर्न सकिनेछ भने आफन्त तथा कुटुम्बको सहयोग पाइनेछ। ज्ञान, कला तथा साहित्यलाई निखार्न सकिनेछ। बिचार र बोलीले धेरैको मन जित्न सकिनेछ। परिवारका साथ रमाइलो यात्रा गर्न सकिनेछ। प्रेममा रमाउन चहानेहरुका लागी समय उत्तम रहेको छ। प्रणय सम्बन्धमा रमाउन चाहनेहरूका लागी समयले साथ दिनेछ भने जीवन साथीको सहयोगले नयाँ काम गर्न सकिनेछ। अध्ययनकै सवालमा यात्राको योग बन्नेछ। बुधबार र बिहीबार घरेलु समस्याले सताउने तथा आमाको स्वास्थ्यमा खराबी आउन सक्छ। आफन्त तथा आफ्नो भन्नेहरूले तपाईंको काममा बाधा तथा अवरोध गर्नेछन्। राजनीतिकर्मीका लागी समय अन्य दिनभन्दा मध्यम रहेको छ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो) साताको प्रारम्भमा धैर्य र व्यवहारिक सोचले विशेष लाभ दिलाउनेछ। आफ्नो लक्ष्यमा दृढ हुनुहुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुनेछ। सुरुवात गरेको नयाँ कार्यमा सफलता मिल्नेछ। आफ्नो आत्मविश्वास बढ्दै जानाले मनमा शान्ति मिल्नेछ। आर्थिक पक्ष बलियो रहनेछ। आयआर्जन बढ्नेछ। खर्च नियन्त्रणमा रहनेछ। बचत गर्ने अवसर मिल्नेछ। आफ्नो समय, धन र जिम्मेवारीलाई व्यवस्थित गर्न सफल हुँदा आत्मसन्तुष्टि बढ्नेछ। घरायसी आवश्यकताका विषयमा गरेको निर्णय दीर्घकालसम्म उपयोगी बन्न सक्छ। मध्य सातातिर जीवनशैलीमा सानो परिवर्तनले ठूलो सहजता ल्याउन सक्छ। यो साता लक्ष्मिमातालाई सेतो फूल अर्पण गरी घ्यूको दीप बाल्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ४ र ६ रहेको छ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा) साताको प्रारम्भमा जिज्ञासा र सिक्ने इच्छाले समयलाई उपलब्धिमूलक बनाउनेछ। नयाँ विषय बुझ्ने, सीप बढाउने वा विचार आदानप्रदान गर्ने अवसर प्रशस्त रहनेछन्। बोलेको शब्दले राम्रो प्रभाव पार्ने भएकाले संवादमा स्पष्टता कायम राख्नु उपयुक्त हुनेछ। कुनै महत्वपूर्ण सूचना वा सन्देशले तपाईंको आगामी योजना परिवर्तन गर्न सक्छ। मध्य सातातिर लेखन, अध्ययन वा प्रस्तुतीकरणसँग सम्बन्धित कार्यमा विशेष सफलता प्राप्त हुनेछ। प्रेम सम्बन्ध सबल रहन्छ। आपसी विश्वास बढ्नेछ। मनका कुरा व्यक्त गर्न सहज होला। साताभरी गणेशजीलाई दूबो र जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग हरियो र फिक्का पहेँलो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डु,डे,डो) साताको प्रारम्भमा आफ्ना भावना र जिम्मेवारीबीच सन्तुलन कायम राख्न सक्नु नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ। घरको वातावरणलाई व्यवस्थित बनाउन तपाईंको भूमिका महत्वपूर्ण बन्नेछ। नजिकका व्यक्तिको विश्वास जित्ने अवसर प्राप्त हुनेछ। पहिलाका अनुभवले अहिले सही निर्णय लिन सहयोग गर्नेछन्। मध्य सातातिर घर, जमिन वा पारिवारिक व्यवस्थापनसँग सम्बन्धित विषयमा ध्यान दिनुपर्ने हुन सक्छ। आफ्ना प्रियजनका लागि गरेको सानो प्रयासले ठूलो खुसी ल्याउन सक्छ। साताभरी मनमा शान्ति र सन्तोषको अनुभूति हुने योग रहेको छ। साताभरी भोलेनाथको आराधना गरी ॐ नमः शिवाय मन्त्र जप गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हल्का निलो हो भने शुभ अंक २ र ८ रहेको छ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे) तपाईंको व्यक्तित्व र नेतृत्व क्षमताले यो साता विशेष प्रभाव छोड्नेछ। अरूले पन्छिएका जिम्मेवारी तपाईंले सफलतापूर्वक सम्हाल्न सक्ने अवस्था बन्नेछ। आफ्नो निर्णयमा दृढ रहँदा सम्मान र विश्वास दुवै बढ्नेछ। मध्य सातातिर नयाँ लक्ष्य निर्धारण गर्ने प्रेरणा मिल्नेछ। प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त हुनेछ। हरेक काममा धैर्य र आत्मविश्वासको सन्तुलन कायम राख्न सके राम्रो उपलब्धि हात पर्नेछ। प्रतिष्ठासँग जोडिएका विषयमा सकारात्मक परिवर्तन देखिने योग रहेको छ।आइतबार सूर्यलाई तामाको पात्रबाट जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग निलो र रातो हो भने शुभ अंक १ र ७ रहेको छ।

**कन्या** (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) साताको प्रारम्भमा व्यवस्थित योजना र सूक्ष्म विश्लेषणले तपाईंलाई अरूभन्दा एक कदम अगाडि राख्नेछ। अधुरा कागजी काम, हिसाब किताब पूरा गर्ने योग साताभरी रहिरहनेछ। साताको मध्यमा अनुभवभन्दा पनि तयारीले राम्रो परिणाम दिलाउनेछ। दैनिक कार्यतालिकामा सुधार ल्याउँदा कामको चाप सहज रूपमा सम्हाल्न सकिनेछ। आफ्नो सीपलाई अझ निखार्ने अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा मन हलुका हुने गरी कुनै पुरानो जिम्मेवारीबाट मुक्त हुने अवस्था बन्न सक्छ। दुर्गामाताको आराधना गरेर कार्य थालनि गर्दा कार्यसफल हुनेछ। यो साताको शुभ रंग हरियो र पहेलो हो भने शुभ अंक १ र ३ रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते) साताको अधिकांश समय राम्रो रहेकोले सकारात्मक सोचको विकास हुनेछ भने नयाँ प्रविधिको प्रयोग गरी समय अनुसार अपडेट हुन सकिनेछ। कामको खोजिमा हुनेहरूले नयाँ काम पाउने तथा गरिरहनेहरू बढुवा हुन सक्ने योग रहेको छ। लामो समयदेखि रोकिएका कामहरू बन्नुको साथै गरिरहेको कामबाट मनग्गे आम्दानी हुनेछ। समाजमा तारिफयोग्य काम गरी नाम कमाउन सकिनेछ भने सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्नेछ। व्यापार, शेयर बजार तथा औद्योगिक क्षेत्रमा लगानी गरी थोरै भए पनि नाफा कमाउन सकिनेछ। आफन्त तथा जीवनसाथीको साथ पाइने हुनाले मन प्रसन्न हुनेछ। उच्च शिक्षाको लागी लामो दुरीको यात्रा हुनेछ। व्यापार तथा शेयर बजारमा लगानी गर्ने समय रहेको छ। घरायसी सुख सुविधा भरपुर मात्रामा प्रयोग गर्न पाइनेछ। साताको सुरु अर्थात आइतबार यात्रा गर्दा, सवारी साधन तथा घरायसी औजारहरूको प्रयोग गर्दा ध्यान दिनुहोला।

**वृश्चिक**(तो,ना,नी,नू,ने,नो,या,यी,यू) साताको समय राम्रो रहेकोले शुभ चिन्तकहरूको सहयोग तथा सद्भाव पाइने हुनाले समयमा नै कामहरू सम्पन्न हुनेछन्। रमाइलो तथा पारिवारिक माहौलमा दिन बित्नेछ भने मिष्ठान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ। व्यापार, शेयर बजार तथा उद्योगमा सानो लगानीबाट पनि धन आर्जन गर्न सकिनेछ। अध्ययनमा तपाईंको नाम अग्र स्थानमा आउनेछ। भौतिक साधन स्रोत तथा उपकरण जुट्नाले दैनिक काम गर्न सहज हुनेछ। प्रेम तथा मित्रताको बन्धन कसिलो भएर जानेछ। प्रशासनिक क्षेत्रमा तपाईंको वर्चस्व रहनेछ भने सामाजिक उत्तरदायित्व बहन गर्ने समय रहेको छ। धार्मिक प्रतिष्ठान तथा मन्दिर तिरको यात्रा गरी टीका तथा प्रसाद ग्रहण गर्ने अवसर जुर्नेछ। लामो दुरीको शैक्षिक तथा धार्मिक यात्राको प्रबल सम्भावना रहेको छ। भाग्यले साथ दिने हुँदा थोरै लगानीबाट पनि प्रशस्त रुपैयाँ पैसा कमाउन सकिने तथा आर्थिक रूपमा सबल हुने ग्रहयोग रहेको छ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे) साताको प्रारम्भमा लामो समयदेखि मनमा रहेको उद्देश्यलाई स्पष्ट रूप दिन अनुकूल वातावरण बन्नेछ। टाढाको योजना, अध्ययन वा अनुभव सम्बन्धित विषयले विशेष प्राथमिकता पाउनेछन्। साताको मध्यतिर अनुभवी व्यक्तिसँगको भेटघाटले सोच्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। साताको अन्त्यतिर वैवाहिक मधुरता बढ्नेछ भने दाम्पत्य जीवनमा आपसी समझदारी कायम रहनेछ। पारिवारिक सहयोगले आत्मविश्वास बढ्नेछ। स्वास्थ्य सामान्यतया राम्रो रहने भए पनि खानपान र आराममा ध्यान दिनु उचित हुनेछ। बिहीबार भगवान् विष्णुलाई तुलसी अर्पण गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गुलाबी र सेतो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी) साताको प्रारम्भमा अनुशासन र निरन्तरताको परीक्षा हुने समय रहनेछ। अरूले नदेखेका साना कामलाई पनि जिम्मेवारीपूर्वक पूरा गर्दा ठूलो उपलब्धिको आधार तयार हुनेछ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ। साताको मध्यमा पुरानो अनुभवले कठिन निर्णयलाई सहज बनाउन मद्दत गर्नेछ। भाग्यले साथ दिने योग साताभरीनै रहनेछ। रोकिएका काम पूरा हुनेछन्। प्रेम सम्बन्धमा विश्वास र आत्मीयता बढ्नेछ। परिवारमा खुसीको वातावरण रहनेछ। स्वास्थ्यप्रति सचेत रहँदा दिन अझ सुखद रहनेछ। साताको अन्त्यमा आफुले गरेको मेहनतको मूल्य प्राप्त गर्ने अवसर मिल्नेछ। शनिबार पीपलको रुखमा जल अर्पण गरी दीप प्रज्वलन गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गाढा निलो र खैरो हो भने शुभ अंक १ र ४ रहेको छ।

**कुम्भ** (गू,गे,गो,सा,सी,सू,से,सो,दा) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची) साताको प्रारम्भमा कला, साहित्य, संगीत वा आध्यात्मिक विषयमा रुचि अझ गहिरो बन्न सक्छ। समयको सदुपयोगले ठूलो उपलब्धि दिलाउनेछ। आर्थिक उन्नतिको संकेत देखिन्छ। नयाँ काम सुरु गर्न अनुकूल समय रहनेछ। स्वास्थ्य सबल रहनेछ। परिवारबाट प्रेरणा प्राप्त हुनेछ। साताको मध्यमा सेवा, सहयोग वा परोपकारसँग सम्बन्धित कामले आत्मिक सन्तुष्टि दिलाउन सक्छ। साताको अन्त्यमा एकान्तमा बिताएको केही समयले मनलाई शान्त र ऊर्जावान बनाउनेछ। माता पार्वतीको आराधना र प्रार्थना गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग पहेँलो शाही निलो हो भने शुभ अंक ४ र ८ रहेको छ।

# दमक नगरका स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमको समीक्षा



**दमक**/दमक नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम तथा सेवाको दुई दिने बार्षिक समीक्षा गरेको छ । समिक्षा कार्यक्रमको उदघाटन गर्दै दमक नगर प्रमुख रामकुमार थापाले आगामी दिनमा स्वास्थ्य सेवाको गुणस्तर र पहुँच थप प्रभावकारी बनाउने उदघोष गरेका छन् ।

दमक नगरपालिकाको सभाहलमा सञ्चालित गोष्ठीको उद्घाटन गर्दै नगर प्रमुख रामकुमार थापाले स्थानीय तहले नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिरहेको बताए । उनले समीक्षा कार्यक्रमका माध्यमबाट विगतका उपलब्धिको मूल्यांकनसँगै स्वास्थ्य क्षेत्रमा देखिएका समस्या पहिचान गरी आगामी योजना थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । नगर प्रमुख थापाले सिमित स्रोत र साधनका बाबजुद स्थानीय सरकारले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै उल्लेखीय उपलब्धि हाँसिल गरेको बताए ।

कार्यक्रममा दमक नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ब्रजेशकुमार मेहताले आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य शाखामार्फत सञ्चालन भएका कार्यक्रम तथा प्राप्त उपलब्धिको विवरण प्रस्तुत गरे । नगरपालिकाले खोप, मातृ तथा नवजात शिशु स्वास्थ्य, पोषण, परिवार नियोजन, संक्रामक तथा नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य, ज्येष्ठ नागरिक तथा लक्षित समुदायको स्वास्थ्य सेवासहित विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गरेको उनको प्रस्तुतीमा उल्लेख छ ।

स्वास्थ्य शाखाको प्रगति विवरण अनुसार गत आर्थिक वर्षमा ९९ प्रतिशतभन्दा बढी किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप सेवा प्रदान गरिएको छ । दुई वर्षमुनिका बालबालिकाको नियमित वृद्धि अनुगमनसँगै बालभिटा तथा पोषक तत्व वितरण र १३५ जना कुपोषित बालबालिकाको स्वास्थ्योपचारमा विशेष ध्यान दिइएको छ ।

त्यस्तै, नगर क्षेत्रका अस्पतालमार्फत ६ हजार ७ सय १० जनालाई प्रसूति सेवा प्रदान गरिएको छ । स्वास्थ्यकर्मीमार्फत २ हजार ७ सय २७ जना सुत्केरी महिलाको घरमै पुगेर सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य शाखाले जनाएको छ । नागरिक आरोग्य सेवा केन्द्रबाट पनि आयुर्वेद स्वास्थ्य सेवा लिनेको संख्या उल्लेखीय छ ।

वडा तहमा मानसिक स्वास्थ्यसम्बन्धी सेवा विस्तार गर्दै स्वास्थ्यकर्मीलाई तालिम दिएर रोगी पहिचान, उपचार तथा प्रेषणको कामसमेत सुरु गरिएको छ । एआई एक्स-रे प्रविधिको प्रयोगमार्फत क्षयरोग पहिचान गरी उपचारको दायरामा ल्याउने काम गरिएको स्वास्थ्य शाखाले जनाएको छ।समीक्षामा नगरको स्वास्थ्य क्षेत्रमा नसर्ने रोगको बढ्दो अवस्थालाई प्रमुख चुनौतीका रूपमा प्रस्तुत गरिएको छ ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख बृजकुमार दासले शुभकामना मन्तव्य व्यक्त गर्दै नगरपालिकाले सञ्चालन गरेको नगर अस्पताल कोशी प्रदेशमानै उदाहरणीय रहेको बताए । दमक नगरपालिकाकी कार्यपालिका सदस्य तथा सामाजिक विकास समिति संयोजक शारदा भट्टराइ (सापकोटा), नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला लगायतले स्वास्थ्य सेवा प्रभावकारी बनाउन स्थानीय तह, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीबीच समन्वय आवश्यक रहेको धारणा राखे । प्रमुख प्रशासकिय अधिकृत निरौलाले राज्यले तोकेको १० प्रतिशत निशुल्क बेड उपलब्ध गराउनुपर्ने प्रावधानको कडाइँका साथ कार्यान्वयन गराउने उदघोष गरे ।

स्वास्थ्य शाखाले आगामी दिनमा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थालाई समेत सूचीकृत गरी नियमन गर्ने योजना बनाएको छ । स्वास्थ्य शाखाले नसर्ने रोगका बिरामीको बढ्दो संख्या, बालबालिकामा देखिएको कुपोषण, विद्यालयका किशोरीमा आइरन चक्कीको प्रयोगमा कमी, स्वास्थ्य संस्थाको व्यवस्थापन समितिका बैठकमा कमी तथा आवश्यक औषधिको नियमित आपूर्तिको अभावलाई प्रमुख समस्याका रूपमा औंल्याएको छ ।

बिहीबार सम्म चल्ने समीक्षा गोष्ठीमा नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भएका कार्यक्रम, सेवा प्रवाह, उपलब्धि, समस्या तथा आगामी कार्ययोजनामाथि छलफल तथा समीक्षा गरिने जनाइएको छ ।

snf÷;flxTo

# जुनु प्रसाईको 'झगडा पर्यो पोइसित' सार्वजनिक

**काठमाडौं**/ गायिका जुनु प्रसाईको नयाँ गीत 'झगडा पर्यो पोइसित' को म्युजिक भिडियो सार्वजनिक भएको छ । भिडियोमा गायिका प्रसाईसँगै चर्चित कलाकार प्रकाश सपुतको अभिनय रहेको छ ।

पूर्वेली लोकलयमा आधारित गीतले आधुनिक प्रस्तुतिसँग लोकसंस्कृतिको स्वादलाई जोडेको छ। मनोरञ्जनसँगै आफ्नो माटो, जन्मभूमि र सांस्कृतिक पहिचानलाई प्रस्तुत गर्ने प्रयास गीत तथा भिडियोमा गरिएको छ ।

गीतका शब्द विदुर तिमल्सिना 'देवदूत' का हुन् भने संगीत राज सागरले दिएका छन गीतको एरेन्जमेन्ट राजन ईशानले गरेका हुन गीतको रेकर्डिङ 'भ्वाइस अफ नेपाल रेकर्डिङ स्टुडियो'मा गरिएको हो ।

आफ्नो सांस्कृतिक जरा र जन्मभूमिप्रतिको सम्बन्धबारे जुनु प्रसाई भन्छिन्, "हामी जहाँ गए पनि, जहाँ बसे पनि हाम्रो जरा लोकसंस्कृतिमै जोडिएको हुन्छ । हामी जन्मिएको गाउँ, हुर्किएको ठाउँ र त्यहाँको माटोसँग हाम्रो पहिचान जोडिएको हुन्छ । त्यसैले हामीले आफ्नो जन्मभूमि र संस्कृतिलाई सधैं सम्मान गर्नुपर्छ र त्यसप्रतिको माया कहिल्यै गुमाउनु हुँदैन ।"

यही सोचलाई आफ्नो सांगीतिक यात्रामार्फत अघि बढाउँदै आएकी प्रसाईले पूर्वी नेपालको लोकसंस्कृतिलाई नयाँ पुस्तासम्म पुर्याउने प्रयास गरिरहेकी छन् । उनका लागि लोकसंगीत एउटा विधा मात्र नभई माटो, संस्कृति र पहिचानसँग जोडिएको माध्यम हो ।

भिडियोको निर्देशन तथा निर्माण हरि हुमागाईंले गरेका हुन् । भिडियोमा जुनु प्रसाई र प्रकाश सपुतसँगै अन्य कलाकारको समेत अभिनय रहेको छ। रोशन विश्वकर्माले कोरियोग्राफी गरेका छन् भने मेकअप आर्टिस्ट माही सिंहको योगदान रहेको छ । भिडियोको छायांकन काठमाडौंको सुन्दर पर्यटकीय क्षेत्र फर्पिङमा गरिएको हो। प्राकृतिक सौन्दर्य र सांस्कृतिक परिवेशलाई भिडियोमा समेटिएकाले यसको दृश्यात्मक पक्ष थप आकर्षक देखिएको छ ।

शास्त्रीय, सेमी-क्लासिकल, रोमान्टिक, आधुनिक तथा पपलगायत विभिन्न शैलीका गीतमा आफ्नो गायन क्षमता प्रस्तुत गरिसकेकी जुनु पछिल्लो समय पूर्वेली लोक तथा आधुनिक लोकसंगीततर्फ बढी केन्द्रित हुँदै गएकी छन् । विशेषगरी पूर्वी नेपालको लोकजीवन र सांस्कृतिक सुगन्धलाई नयाँ पुस्तासम्म पुर्याउने उनको प्रयासले सांगीतिक यात्रालाई थप फराकिलो बनाएको छ ।

'झगडा पर्यो पोइसित'मार्फत जुनुले एउटा गीत मात्र प्रस्तुत गरेकी छैनन्, आफ्नो माटो, जन्मभूमि र लोकसंस्कृतिप्रतिको प्रेमलाई समेत नयाँ पुस्तासामु पुर्याउने प्रयास गरेकी छन् । पूर्वेली लोकभाकालाई आधुनिक पुस्तासँग जोड्ने उनको निरन्तर प्रयासले उनलाई यस क्षेत्रमा थप स्थापित गराउने अपेक्षा गर्न सकिन्छ ।

# साहित्य कला सङ्गमको रचना वाचनको ६५ औं श्रृङ्खला

**दमक**/ साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको साहित्य कला सङ्गम दमकले एक कार्यक्रमका बिच सिर्जनशिल रचना वाचनको ६५ औं श्रृङ्खला सम्पन्न गरेको छ ।

साहित्य कला सङ्गम दमकका अध्यक्ष बिन्दु दहाल मुकदर्शकको अध्यक्षतामा र कवि तथा साहित्यकार डा.खगेन्द्र प्रसाद दहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पुर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला सङ्गमका पुर्व अध्यक्ष नरपति पाण्डे, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्र घिमिरे ,प्रतिभा निकेतनका अध्यक्ष कमलराज भट्टराई ,साहित्यकार मुक्ति तिम्सिना लगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।कार्यक्रममा सिर्जनशिल रचना वाचन गरिएको थियो ।

रचना वाचन गर्ने साहित्यकारहरुमा साहित्यकला सङगमका उपाध्यक्षहरु यादवप्रसाद अधिकारी झाक्रिखोले र दुर्गा खनाल काफ्ले , महासचिव ओमप्रसाद खनाल , सचिव बिरेन्द्र खड्का ,सह सचिव मेघनाथ बन्धु , कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी, सदस्य बिबेक दुलाल क्षेत्री र सष्टाहरु किशोर खनाल, खड्ग बहादुर खड्का ,यादवप्रसाद नेपाल ,हरि पराजुली, गोपाल दहाल, पदमप्रसाद ओली,भक्ता देवी दहाल,लिलान्स भण्डारी , जगत बन्धु दहाल,त्रिलोचन उप्रेती लगायत रहनु भएको थियो ।कार्यक्रममा सहभागी सबै स्रष्टाहरु ,प्रमुख अतिथि र अतिथिहरुले पनि रचना वाचन गरेका थिए ।

साहित्य कला सङगमका उपाध्यक्ष यादवप्रसाद अधिकारी झाक्रिखोलेले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन साहित्य कला सङ्गमका महासचिव ओमप्रसाद खनालले गरेका थिए । कार्यक्रममा पहिलो पटक आउने स्रष्टाहरु भुमिका चापागाई, लक्ष्मी न्यौपाने र जयप्रसाद संग्रौलालाई खादा ओडाएर सम्मान समेत गरिएको थियो ।

बिर्ताज्योति आँखा अस्पताल दमकमा
वरिष्ठ आँखा विशेषज्ञ डाक्टरहरुको सेवा
डा. राजेश श्रेष्ठ | डा. शान्ति गुरुङ
ओपिडी समय : बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म
शनिबार : बिहान १० बजेदेखि ५ बजेसम्म

बिर्ताज्योति आँखा अस्पताल प्रा.लि.
दमक-५, बेलडाँगी रोड ०२३-५७१२२२/५७६२२२

सूर्यमुखी बचत तथा ऋण सहकारी संस्था लि. दमक-५, झापाको
११ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना
यस सूर्यमुखी बचत तथा ऋण सहकारी संस्था लि. को ११ औं वार्षिक साधारणसभा सदाझैं यस वर्ष पनि यही भाद्र १३ गते शनिबारका दिन गर्ने निर्णय भएको हुँदा तपसिलको मिति, समय र स्थानमा संस्थाका शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।
तपसिल:
➤ साधारणसभा हुने मिति: २०८३ साल भाद्र १३ गते शनिबार ➤ समय: बिहान ११:०० बजेदेखि
➤ स्थान: मारवाडी सेवा समितिको सभाहल, दमक-५, बेलडाँगी रोड (झापा)
नोट: साधारणसभामा उपस्थित हुने सदस्यहरुलाई यातायातको सुविधा उपलब्ध गरिएको छ।
सञ्चालक समिति
सूर्यमुखी बचत तथा ऋण सहकारी संस्था लि.
दमक-५, झापा, फोन नं ०२३-५७५०३५

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं, वन क्षेत्रमा
चरिचरन बन्द गरौं । आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
चुलाचुली गाउँपालिका, चुलाचुली इलाम

# बच्चा काखमा च्यापेर सडकमा निस्किए महिला

## बलात्कारको घटनाका दोषीलाई फाँसीको सँजाय दिन माग

**झापा**/ तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाको विरोधमा झापासहित देशभर महिला तथा अधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको आह्वानमा प्रदर्शन जारी छ। यसै क्रममा शनिबार साँझ प्रधानमन्त्री बालेन्द्र साहको निर्वाचन क्षेत्र झापा-५ मा पनि मेची-महाकाली बुहारी संयुक्त आवाजको अगुवाईमा स्वतःस्फूर्त रूपमा पाँच सयभन्दा बढी प्रदर्शनकारी सडकमा उत्रिएका छन्। कतिपय प्रदर्शनकारी महिलाहरुले आफ्ना स साना बच्चालाई काखमा च्यापेर प्रदर्शनमा उत्रिएको दृश्य समेत देखिन्थ्यो।









प्रदर्शनकारीहरूले दमकको मुख्य बजार क्षेत्र हुँदै विभिन्न स्थानमा प्रदर्शन गरे। उनीहरुले बालिका गरिमा चौधरीका लागि न्यायको माग गरेका थिए। उनीहरूले बलात्कार तथा हत्या जस्ता जघन्य अपराधमा संलग्न दोषीलाई कडा कानुनी कारबाही गर्नुपर्ने, पीडित परिवारलाई न्याय दिलाउनुपर्ने र बालिका तथा महिलाको सुरक्षाका लागि राज्य गम्भीर बन्नुपर्ने माग राखेका छन्। प्रदर्शनकारीहरुले यस किसिमका जघन्य अपराधको घटनामा संलग्नलाई फाँसीको सजाय दिइनु पर्ने आवाज पनि उठाएका छन्। प्रचलित कानुनले यस किसिमका अपराधीहरुलाई फाँसी दिन सकिने व्यवस्था नगरेको भन्दै कानुन संशोधन गरेरै भए पनि यस्ता घटनामा संलग्न जो कोहीलाई फाँसीको सजाय दिइनु पर्ने अखिल नेपाल महिला संघ झापाकी अध्यक्ष लिला दाहालको भनाई छ। प्रदर्शनपछि सहभागीहरू दमकस्थित गणतन्त्र चोकमा भेला भएका थिए। त्यहाँ उनीहरूले गरिमाको आत्माको चिरशान्तिको कामना गर्दै सामूहिक रूपमा दीप प्रज्वलन गरेका छन्।

प्रदर्शनमा सहभागीहरूले घटनाविरुद्ध आवाज उठाउँदै न्यायका लागि निरन्तर खबरदारी गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्। बालिका तथा महिलामाथि हुने हिंसा र यौन अपराधका घटनामा राज्यको प्रभावकारी हस्तक्षेप र दोषीमाथि शीघ्र कानुनी कारबाही हुनुपर्ने उनीहरूको जोड छ। दमकमा भएको प्रदर्शनमा सहभागी हुन दमकका अतिरिक्त आसपासका पालिकाहरुबाट पनि ठूलो संख्यामा विशेष गरि महिलाहरु आएका थिए।

**बुबा आमालाई काठमाडौं लगियो**

बाराको सिमरामा हत्या गरिएकी तीन वर्षीया बालिका गरिमा चौधरीका बुवा मनोज चौधरी र आमा मानमती चौधरीलाई काठमाडौं लगिएको छ।

शनिबार गरिमाका बुवा मनोज र आमा मानमतीलाई स्थानीय अभियन्ताहरुसँगै काठमाडौं ल्याइएको हो। उनीहरूसँग गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा वार्ता र छलफल हुने बताइएको छ।

छलफलमा बालिका गरिमा चौधरीको हत्या प्रकरणको निष्पक्ष अनुसन्धान, दोषीलाई कडा कारबाही तथा पीडित परिवारका माग र राहतका विषयमा कुराकानी हुने बताइएको छ।


**लागूऔषध दुर्व्यसन नियन्त्रण गरौं**

- लागूऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागूऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागूऔषध प्रयोग नगरौं/नगराऔं।

**लागूऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

**दमक नगरपालिका**
३ नम्बर वडा कार्यालय, दमक झापा


# जन्मोत्सवमा विद्यार्थीलाई पोशाक र शैक्षिक सामग्री



**दमक**/ पहिलो पाइला नेपाल दमक शाखाका अध्यक्ष गोविन्द निरौला (राजु) ले आफ्नो जन्मदिन सामुदायिक विद्यार्थीहरुलाई विद्यालय पोशाक र शैक्षिक सामग्री वितरण गरेर मनाएका छन्। सहकारीसँगै सञ्चार कर्ममा समेत जोडिएका युवा सामाजिक व्यक्तित्व निरौलाले झापाको कमल गाउँपालिका वडा नम्बर ५ को सिम्लेस्थित शहीद रत्न आधारभूत विद्यालयका विद्यार्थीहरूलाई पोशाक तथा शैक्षिक सामाग्रीहरु प्रदान गरेर जन्मदिन मनाएका हुन्।

पहिलो पाइला नेपाल दमक शाखाको आयोजनामा मंगलबार विद्यालयमा आयोजित संक्षिप्त कार्यक्रममा कलश साकोसका अध्यक्ष समेत रहेका पहिलो पाइला नेपालका सल्लाहकार महेश घिमिरे समेतले विद्यार्थीहरुलाई आवश्यक शैक्षिक सहयोग गरेका हुन्।

पहिलो पाइला नेपाल दमक शाखाले ग्रामिण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक विकासमा सानै भएपनि सहयोग गर्न पाउँदा खुशी लागेको अध्यक्ष निरौलाले प्रतिक्रिया दिए।

शहीद रत्न आधारभूत विद्यालय व्यवस्थापन समिती अध्यक्ष देविवीर राईको अध्यक्षतामा र प्रधानाध्यापक कुवेर पाण्डेले सञ्चालनमा भएको कार्यक्रममा निरौलालाई जन्मोत्सव विशेष मायाको चिनोसहित शुभकामना प्रदान गरिएको थियो।

कार्यक्रममा पहिलो पाइला नेपाल दमक शाखाका उपाध्यक्ष एवं कार्यक्रम संयोजक लवराज खड्का, सचिव पूजा दाहाल, कोषाध्यक्ष विनोद अधिकारी, सोनु चौधरी, जि.पी.पोखरेल, सञ्जु शिवाकोटी, निशा अधिकारी, देबु गर्तौला, सक्षम पौडेल, रक्षा पाण्डे गौरादह शाखा सचिव प्रदिप धमला, जीवनचक्र समाज नेपालका अध्यक्ष गणेश प्रसाद गौतम लगायत शाखाका पदाधिकारी तथा सदस्यहरू र विद्यालयमा अध्ययनरत विद्यार्थीहरु, विद्यालयका कार्यरत शिक्षक तथा शिक्षिकाहरु र अभिभावकहरुको उपस्थिति थियो।

# अदालतमा सबैभन्दा धेरै सम्बन्ध विच्छेदका मुद्दा

**पाँचथर**/ पाँचथर जिल्ला अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी मुद्दा सम्बन्ध विच्छेदका छन्। सम्बन्ध विच्छेदका मुद्दा बढ्दै जाँदा परिवार विखण्डनले समाजमा जटिल समस्या पैदा गर्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन्। पाँचथर जिल्ला अदालतमा गत आव २०८२/०८३ मा ६०९ वटा नयाँ मुद्दा दर्ता भएकामा ३८४ वटा सम्बन्ध विच्छेदका मुद्दा रहेका थिए। सोही आवमा अदालतमा अघिल्ला आव २०८१/०८२ बाट २४६ वटा मुद्दा सरेर आएकामा ८७ वटा सम्बन्ध विच्छेदका मुद्दा रहेका थिए। यसरी एकै आवमा जिल्ला अदालतमा कूल ४७१ वटा सम्बन्ध विच्छेदका मुद्दा सुनुवाइको सूचिमा परेका थिए। जसमध्ये १६७ वटा मुद्दा मेलमिलापबाट टुङ्गिएका छन्। मेलमिलाप भएका अधिकांश मुद्दामा सम्बन्ध विच्छेद भएको पाँचथर जिल्ला अदालतका तहसिलदार एवम् सूचना अधिकारी सरस्वती नेम्बाङले जानकारी दिइन्।

गत वर्ष सबैभन्दा बढी ७३ वर्षका श्रीमान र ५९ वर्षकी श्रीमतीबीच पनि सम्बन्ध विच्छेद भएको छ भने डेढ वर्षको बच्चा भएका बाबुआमा पनि दाम्पत्य सम्बन्ध टुङ्ग्याउन अदालत आएका छन्। अघिल्लो वर्षभन्दा सम्बन्ध विच्छेदका नयाँ दर्ता र कूल मुद्दाको सङ्ख्या र प्रतिशतमा वृद्धि भएको छ। आव २०८१/०८२ मा कूल मुद्दाको ५१ प्रतिशत सम्बन्ध विच्छेदका मुद्दा रहेकामा गत आव २०८२र०८३मा सो सङ्ख्या पाँच प्रतिशतले बढेर ५६ प्रतिशत पुगेको नेम्बाङले बताइन्।

वर्षेनि सम्बन्ध विच्छेदका मुद्दा बढ्दै जाँदा परिवार विखण्डनले समाजमा ठुलो समस्या सिर्जना गर्नेतर्फ सजग हुनुपर्ने सरोकारवालाको भनाइ छ। जिल्ला अदालतका तहसिलदार एवम् सूचना अधिकारी नेम्बाङ सम्बन्ध विच्छेदका एक तिहाइ मुद्दा प्रक्रिया पूरा गर्न मात्रै दर्ता हुने गरेको बताउँछिन्। "एक तिहाइ हाराहारी मुद्दामा अर्को विवाह गरिसकेकाले कागजी प्रमाण मिलाउन मात्रै अदालती प्रक्रियामा आएको देखिन्छ", नेम्बाङले भनिन, "सम्बन्ध विच्छेदको बढ्दो क्रमप्रति समाजका सबै पक्षले चासो दिनु जरुरी छ।"

अधिवक्ता जयप्रकाश केरुङ आफूले मुख्य रूपमा बालविवाह, वैदेशिक रोजगारी, सामाजिक सञ्जालको दुरुपयोग, मदिरा सेवन गर्ने लत, बेवास्तालगायतका कारण सम्बन्ध विच्छेद हुने गरेको पाइएको बताउँछन्।

उनका अनुसार बालविवाह गरेका कतिपय दम्पती उमेरले परिपक्व भएपछि एक अर्कासँग बस्न नसक्ने निष्कर्षमा पुग्ने गरेका छन्। यस्तै श्रीमान् वा श्रीमती वैदेशिक रोजगारीमा भएपछि एक्लोपनका कारण अन्य व्यक्तितर्फ आकर्षित हुँदा सम्बन्धमा दरार आउने गरेको भेटिएको र यसमा सामाजिक सञ्जालले मद्दत गरेको अधिवक्ता केरुङको भनाइ छ। यस्तै मदिरा सेवनको लतका कारण परिवारले सङ्कट भोग्नु पर्दा सम्बन्ध नटिकेको उनले बताए। "मदिरा सेवनले आर्थिक अवस्था कमजोर हुनुका साथै परिवारमा माया प्रेम सकिँदै गएर सम्बन्ध नै समाप्त भएको पनि पाइन्छ", उनले भने, "बेवास्ताका कारण पनि सम्बन्ध विच्छेद हुने गरेको पाइन्छ। समाजलाई परिवार विखण्डनको पीडाबारे बोध गराउन ढिलो भइसकेको छ।"

केरुङका अनुसार सम्बन्ध विच्छेदले धेरै बालबालिकाको भविष्य अन्धकारमा पारिरहेको छ। "हुन त सम्बन्ध विच्छेद भएकामध्ये ९० प्रतिशतभन्दा बढी घटनामा आमाले नै सन्तानको जिम्मेवारी लिने गरेको पाइन्छ। कानुनले पनि बालबालिका सावालक नभइञ्जेलसम्म आमाको साथबाट बञ्चित गर्न नहुने भनेको छ", केरुङले भने, "तर आमाले अर्को विवाह गरेपछि वा एक्लै भए पनि सिङ्गो परिवार नहुँदा बाल मनोविज्ञानमा गम्भीर चोट लाग्ने गरेको छ।" सम्बन्ध विच्छेदका लागि आउनेलाई परामर्श दिँदा धुरुधुरु रुने तर सम्बन्ध टिकाउने तयार नहुने गरेको केरुङको भनाइ छ।

पाँचथर बहुमुखी क्याम्पसका प्रमुख लक्ष्मीप्रसाद ढुंगाना सम्बन्ध विच्छेदका कारण पहिचानतर्फ केन्द्रित हुन जरुरी रहेको बताउँछन्। उनका अनुसार रोजगारीको अभावले सँगै रहन नपाएका दम्पतीको सम्बन्ध टिक्न कठिन पर्ने गरेको छ। "सम्बन्ध विच्छेद मनोवैज्ञानिक समस्याका रूपमा आम धारणा बन्दै गएको छ। सचेतनामार्फत परिवार र समाजका लागि त्याग र समर्पण भाव विकास गर्नुपर्छ", ढुङ्गानाले भने, "अहिले आम मानिसले आफ्नो व्यक्तिगत लाभ हेर्ने, तर परिवार र समाजलाई बेवास्ता गर्ने चलनले पनि सम्बन्ध विच्छेद र परिवारमा विखण्डन भइरहेको छ।"

क्षणिक आवेगमा परिवार र समाजप्रति नागरिक उत्तरदायी नहुँदा पारिवारिक संरचनामा खलल पुगेको र बालबालिका अभिभावकविहीन हुन थालेको ढुंगानाको भनाइ छ। यस्तै विगतमा जस्तो महिलाले अन्याय नसहँदा पनि सम्बन्ध विच्छेद हुने गरेको उनले बताए।




**झापा/** बितेका चार महिनामा देशका विभिन्न भागमा पाँच हजारभन्दा बढी विपद्का घटना भएका तथा तिनमा २५० जनाको मृत्यु भएको छ । गत वैशाख १ देखि भदौ ५ गतेसम्म देशभर पाँच हजार १४ विपद्का घटना भएका छन् । ती घटनामा २५० जनाको मृत्यु, आठ जना बेपत्ता र एक हजार ६०७ जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्बाट उक्त अवधिमा छ हजार २७२ परिवार प्रभावित भएका छन् ।

यस अवधिमा सबैभन्दा बढी आगलागीका एक हजार १३६ घटना भएका छन् । यसैगरी, पहिरोका एक हजार ११, सर्पदंशका एक हजार १०, हावाहुरीका ४८०, चट्याङका २४५, बाढीका २७३ र भारी वर्षाका ३२० घटना भएका छन् । प्राधिकरणका अनुसार भदौ ५ गते बिहान ११:०० बजेसम्म अद्यावधिक भएको विवरणमा जनावरको आक्रमणका २७२, लेक लाग्ने ५९, हिमपहिरोका दुई, डुङ्गा पल्टिने एक, वन डढेलोका १९१, विस्फोटनको एक, असिनाका चार र भूकम्पका चार घटना भएका उल्लेख छ ।

यही भदौ ४ देखि ५ गते बिहान ८:०० बजेसम्मको विवरणअनुसार देशका विभिन्न भागमा ३३ विपद्का घटना भएका छन् । ती घटनामा एक जनाको मृत्यु, एक जना बेपत्ता र २३ जना घाइते भएका छन् भने १४५ जना प्रभावित भएका छन् ।

प्राधिकरणले त्यस अवधिमा विपद्का कारण अनुमानित रु नौ लाख ७२ हजार बराबरको क्षति भएको तथा दुई स्थानमा सडक अवरुद्ध भएको जनाएको छ ।

**दमक.....**जानकारहरुका अनुसार प्रसाइँ दम्पत्ती अलग अलग पार्टीबाट एकै पदमा एकै ठाउँमा प्रतिस्पर्धी उम्मेदवारका रुपमा चुनावी मैदानमा उत्रिने सम्भावना निक्कै कम छ । उस्तै परिस्थिती आए उनीहरु मध्ये जसले उम्मेदवारीको टिकट पाउँछन उसैलाई पारिवारिक एकता कायम राख्दै चुनावी मैदानमा उत्रिने अनुमान पनि छ ।

प्रसाइँ पत्नीको उम्मेदवारीले पति प्रकाश र पति प्रकाशको उम्मेदवारीले पत्नी रेगिनाको अवसरलाई प्रभाव पार्ने परिस्थिती बन्ने हो कि भन्ने पूर्वानुमान पनि चलिरहेको छ । प्रकाश गत माघ ५ गते मात्रै रास्वपा प्रवेश गरेर पार्टी नेतृत्वमा आएका हुन् । पार्टीको प्रदेश अघिवेशनमा मुस्किलले प्रदेश समिति सदस्य निर्वाचित भएका प्रसाइँले पनि रास्वपा भित्र स्थापित हुन वा अझ मेयरको टिकट लिन कम पापड बेल्नु पर्ने अवस्था छैन ।

### कांग्रेस भित्र नयाँ अनुहारको चर्चा

कांग्रेस भित्र पनि सम्भावित मेयरका उम्मेवारका रुपमा अन्य नयाँ पुराना दुवै खाले अनुहारबारे प्रशस्तै चर्चा छ । नेतृ प्रसाइँको उम्मेदवारीमा कांग्रेसले असहजता महसुस गरेको अवस्थामा केही नयाँ पुस्ता भित्र पनि सम्भावितको खोजी हुन सक्छ ।

कांग्रेसले संगठनात्मक अवस्था कमजोर भएको परिस्थितीमा पार्टीमा भन्दा अन्य क्षेत्र (सामाजिक, व्यवसायिक , शैक्षिक र बौद्धिक)बाट अघि सारिने उम्मेदवार नगरबासीका लागि साझा उम्मेदवार बन्न सक्ने र यसले जित सहज बनाउने सम्भावनालाई पनि पछ्याउने देखिन्छ ।

कांग्रेसले यहाँ सम्भावित मेयर/ उपमेयरका उम्मेदवारका रुपमा हालकी उपप्रमुख रेगिनासँगै दमक उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका बहालवाला केन्द्रिय सदस्य एवं तरुण नेता गोकूल श्रेष्ठ, दमक खानेपानीका अध्यक्ष तथा स्थानीय नेता रवि केसी, सामाजिक तथा व्यवसायीक क्षेत्रमा स्थापित पार्टी नेता उमाकान्त आचार्य, दमक बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्राध्यापक डा. नेत्र बुढाथोकी, हालका सहायक क्याम्पस प्रमुख तथा दमक जेसीजसहित विभिन्न सामाजिक संघ संस्थामा नेतृत्वको सफल अभ्यास गरेका रामचन्द्र अधिकारी (आरसी) र पूर्व बिद्यार्थी नेता एवं प्राध्यापक विनोद चापागाइँ र राष्टिय महिला अधिकार मञ्चकी नगर अध्यक्ष तथा व्यवसायीक क्षेत्रको नेतृत्व गरिसकेकी रमा लिम्बु , महिला नेतृ चन्द्रा खड्का भट्टराई, पनि भावी मेयर/ उपमेयरका सम्भावित उम्मेदवार हुन् ।

### रास्वपा र श्रम संस्कृति भित्र पनि पनि आकांक्षीको लर्को

राष्ट्रिय राजनीतिमा पहिलो दलका रुपमा स्थापित भएको र स्थानीय तहको चुनावमा पहिलो पटक भाग लिँदै गरेको राष्टिय स्वतन्त्र पार्टी र श्रम संस्कृति पार्टी भित्र पनि दमक नगरको प्रमुख (मेयर) पदका लागि आकांक्षीहरुको लर्को देखिन्छ ।

रास्वपाले क्यान्डिडेट क्लब मार्फत आउने स्थानीय चुनावका उम्मेदवारहरुको छिनोफानो गर्ने सार्वजनिक गरिरहँदा दमकमा पार्टीका युवा नेताहरु विरोध सुवेदी र सन्तोष दुलाल, प्रकाश प्रसाइँ, विन्दु सिटौला (लक्की) भेषराज भट्टराई लगायतको नाम आन्तरिक चर्चामा रहेको समाचार स्रोतहरुको दाबी छ । श्रम संस्कृति पार्टीका तर्फबाट सन्त किराँती, ( पूर्व माओवादी नेता), महेन्द्र चाम्लिङसहित केही सशक्त उम्मेदवारहरु चुनावी मैदानमा उत्रिन सक्ने सम्भावना छ ।

### नेपाली कम्युनिष्ट पार्टीले कसलाई देला टिकट ?

प्रचण्ड नेतृत्वको नेपाली कम्युनिष्ट पार्टी ( पूर्व माओवादी केन्द्र, नेकपा एस र जसपाको बिद्रोही समुह) बीचको एकीकरण पछि बनेको हो । यो पार्टी भित्र पनि युवा उम्मेदवारहरु मेयर पदका लागि चुनावमा उत्रिने सम्भावना छ । बिद्यार्थी राजनीतिपछि व्यवसाय र पार्टीको राजनीतिमा आफूलाई अघि बढाइरहेका कूल बहादुर बस्नेत (रवि), पार्टी नेताहरु गगन पुरी, विरेन्द्र बस्नेत लगायत प्रमुख/उपप्रमुख पदका आकांक्षी हुन सक्छन् । यो पार्टीसँग निकट बौद्धिक तथा प्राज्ञिक महिला नेतृ राधिका ओझालाई पनि नेकपाले साझा उम्मेदवार बन्न सक्ने तर्कसहित अन्तर पार्टी छलफलहरुमा नाम प्रस्ताव गर्न सक्ने सम्भावना पनि उत्तिकै देखिन्छ ।

## खेल समाचार

# "टी-२० अलराउन्डर" वरियतामा दिपेन्द्रको तेस्रो स्थान

**काठमाडौं/** नेपाली टी-२० पुरुष क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को 'टी-२० अलराउन्डर' वरियतामा तेस्रो स्थानमा उक्लिएका छन् । आइसिसीको पछिल्लो वरियताअनुसार उनी २५६ रेटिङ अङ्कका साथ वरियताको तेस्रो स्थानमा उक्लिएका हुन् । जिम्बाब्वेका कप्तान सिकन्दर राजा पहिलो तथा पाकिस्तानका युवा अलराउन्डर साइम अयुब दोस्रो स्थानमा रहेका छन् । उनीहरूको रेटिङ अङ्क क्रमशः ३२० र २७५ रहेको छ ।

आसन्न एसिसी प्रिमियर कपमा राम्रो प्रदर्शन गर्न सकेमा ऐरी वरियताको शीर्ष स्थानमा उक्लिने सम्भावना छ । यस्तै, 'टी-२० अलराउन्डर' वरियतामा नेपालका कुशल भुर्तेल २७औँ, रोहितकुमार पौडेल ५४औँ, गुलशन झा ८२औँ र कुशल मल्ल ९०औँ स्थानमा रहेका छन् ।

## अन्तर्राष्ट्रिय

# ट्रम्प प्रशासनले आप्रवासी भिसा जारीमा लगाएको रोक अदालतद्वारा खारेज

**म्यानहटन/** अमेरिकाको म्यानहटनस्थित संघीय अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले ७५ देशका नागरिकलाई आप्रवासी भिसा जारी गर्न लगाएको रोक खारेज गरेको छ ।

दक्षिणी जिल्ला अदालतकी न्यायाधीश जेनेट वर्गासले शुक्रबार उक्त नीति कानुनविपरीत रहेको भन्दै विदेशमन्त्री मार्को रुबियोलाई यस्तो रोक लगाउने वैधानिक अधिकार नभएको ठहर गरेकी हुन उनका अनुसार राष्ट्रियताका आधारमा आप्रवासी भिसा रोक्ने नीति अमेरिकी संघीय आप्रवासन कानुनसँग प्रत्यक्ष बाझिएको छ ।

जनवरीदेखि लागू भएको उक्त नीतिले ब्राजिल, कोलम्बिया, उरुग्वे, बोस्निया, अल्बानिया, पाकिस्तान, बंगलादेशसहित अफ्रिका, पश्चिम एशिया र क्यारेबियनका धेरै देशका नागरिकलाई प्रभावित पारेको थियो।

अमेरिकी विदेश मन्त्रालयले ती देशका नागरिक अमेरिकामा सरकारी स्रोतमा निर्भर हुन सक्ने जोखिम उच्च रहेको दाबी गर्दै भिसा रोकिएको बताएको थियो। आप्रवासी अधिकार समूहहरूले भने यो नीतिविरुद्ध अदालतमा मुद्दा दायर गरेका थिए।

ट्रम्प प्रशासनले राष्ट्रिय सुरक्षा र आप्रवासन नियन्त्रणलाई प्राथमिकता दिँदै विभिन्न देशमाथि यात्रा तथा भिसासम्बन्धी प्रतिबन्ध कडा बनाउँदै आएको छ। अदालतको पछिल्लो फैसलाले प्रशासनको उक्त नीतिमा महत्वपूर्ण कानुनी झट्का लागेको छ । एजेन्सी

# गौरादहमा स्मार्ट वारिस्ता तथा कम्प्युटर तालिमसँगै अब स्मार्ट क्याफे

**गौरादह/**झापाको गौरादह १ डिपु चोकमा स्मार्ट क्याफे सञ्चालनमा आएको छ । अघिल्लो बर्षदेखि कम्प्युटर र वारिस्ता तालिम सञ्चालन गर्दै युवा पुस्तालाई व्यवसायिक सीप सिकाएर आत्मनिर्भरताको बाटोमा डोहोरयाइरहेको स्मार्ट वारिस्ता तथा कम्प्यटर तालिम केन्द्रले कफीका पारखीहरुको मागलाई ध्यानमा राखेर क्याफे सञ्चालनमा ल्याएको हो ।

स्मार्ट एकाडेमीका सञ्चालक पेशल बरालले कफी विश्व बजारमा अधिक खपत हुने र यसका कैयौं प्रकारहरु रहेको उल्लेख गर्दै स्वदेशी तथा विदेशी बजारमा माग रहेका झण्डै २५ प्रकारका भिन्न स्वादका कफी उपलब्ध गराइने बताए । गौरादह बजारमा बढ्दो जनघनत्व र यहाँ खड्किएको आवश्यकतालाई परिपूर्ति गर्न स्मार्ट क्याफेले योगदान दिनेछ ।

गौरादहमा यस किसिमको व्यवस्थित र सुविधा सम्पन्न क्याफे सञ्चालनमा आउनु सुखद बिषय भएको उल्लेख गर्दै गौरादह उद्योग वाणिज्य संघका अध्यक्ष ईश्वर खत्रीले शुभकामना दिएका छन् ।

सो क्याफेमार्फत स्थानीयस्तरमा युवाहरु रोजगारीमा जोडिने अवसर पाएका छन् भने स्वदेश तथा विदेशका ठुला बजारहरुका लागि पनि दक्ष र सीपयुक्त जनशक्ति उत्पादनमा यसले महत्वपूर्ण टेवा दिँदै आएको गौरादहबासीहरुको भनाई छ । स्मार्ट क्याफेले केही हप्ता भित्रै गौरीगञ्ज चोकमा समेत आफ्नो शाखा विस्तार गर्ने तयारी गरिरहेको सञ्चालक बरालले जानकारी दिए ।




■ प्रकाशक/सम्पादक : सुशीला पौडेल,
■ कार्यकारी सम्पादक : विष्णु प्रसाद पौडेल,
■ मुद्रण : अरुण छापाखाना दमक-६,झापा,
■ सम्पर्क नं. ९८४२६६६३१४
■ Gmail: nishkarshamedia2078@gmail.com